आज मिति २०७९ साल माघ १८ गते बिहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को नवौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रैशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनविर बुढा | प्रशासन शाखा प्रमुख | |
| २ | विगन श्रेष्ठ | सूचना प्रविधि अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | लोकेन्द्र विष्ट | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## नवौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) गाउँ सभा सञ्चालन सम्बन्धमा ।

२) बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

३) सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति सम्बन्धमा ।

४) विविध छलफल सम्बन्धमा ।

## २०७९ माघ १८ गते बसेको आठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | गाउँ सभा सञ्चालन सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका गाउँ सभाको १३ औं अधिवेशन गर्न आवश्यक भएको । | सुनिलस्मृति गाउँपालिका गाउँ सभाको १३ औं अधिवेशन व्यवस्थित र प्रभावकारी बनाउन सवैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्दै कानुनले निर्दिष्ट गरे अनुसार गाउँ सभा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा । | चालु आ.व.मा स्वीकृत भई कार्यान्वियन हुन नसक्ने योजना तथा कार्यक्रमहरु स्वीकृत गर्न आवश्यक देखिएको । | मिति २०७९/१०/१८ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट निर्णय भई आएका संशोधित योजना तथा कार्यक्रमहरु स्वीकृत गरि अनुमोदनका लागि आगामी गाउँसभालाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्नुपर्ने। | गाउँपालिकालाई आवश्यक पर्ने "सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति" गरी तत्काल राजपत्रमा प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) गाउँपालिकाको सोलोगन (नारा) स्वीकृत सम्बन्धमा । | **क)** गाउँपालकाको दिर्घकालीन लक्ष्य र फरक पहिचान झल्किने गरी गाउँपालिकाको नारा तय गरी लागु गर्नुपर्ने भएकोले तपसिलमा प्रस्तावित नाराहरु मध्ये उत्कृष्ट एक नारा छनौट गर्नुपर्ने भएको ।<br><u>तपसिल</u><br>१) खेलकुद, व्यापार, कृषि, पर्यटन र पूर्वाधारः समृद्धि सुनिलस्मृति गाउँपालिकाको सुत्रधार,<br>२) सबै नागरिकलाई शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितताः सामाजिक न्याय र सुशासन कायम गर्ने हाम्रो प्रतिवद्धता,<br>३) पारदर्शी, जनउत्तरदायी र गुणस्तरीय सार्वजनिक सेवा : खेलकुद, व्यापार, कृषि र पर्यटनः विकासको टेवा,<br>४) जनमुखी, पारदर्शी र नतिजामूलक प्रशासन : प्रविधिको उच्चतम प्रयोग विद्युतीय शासन,<br>५) जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प । | पेश भएका प्रस्तावित नारा मध्ये बुदा नं. ५ को "जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प" नारा छनौट गरी लागु गर्ने निर्णय गरियो । |
| | | ख) स्थानीय विदा सम्बन्धमा । | **ख)** फाल्गुन १ गते जनयुद्ध दिवसको अवसरमा यस गाउँपालिका र मातहतका निकायमा सार्वजनिक विदा दिनुपर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष